आज मिति २०८० साल साउन १७ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री आशा तामाङ ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रितः</u>

१. विरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

**प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।**

**निर्णय नं. १** — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं २— आ.व. २०७९/८० को बजेट कार्यान्वयन समिक्षा सम्बन्धमा।**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा कुल विनियोजित बजेटको चालु तर्फ ८६.१९% पूँजीगत तर्फ ८९.४% खर्च गरेको पाईयो। साथै आन्तरिक राजश्व तर्फ आनुमनित भन्दा ११२% र राजश्व वृद्धि प्रतिशत ५२.९५% भएको पाईयो। उपरोक्ता प्रगति हासिल गर्न सहयोग समन्वय गर्नुहुने सम्पूर्ण कार्यपालिका सदस्य, गाउँसभा सदस्य तथा सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद दियौं तथा चालु आ.व. मा समेत उत्कृष्ठ नतिजा हासिल गर्न हामी सबै आ-आफ्नो तहतप्कबाट सक्रिया भूमिका निर्वाह गर्ने भनी प्रतिबद्धता व्यक्त गर्यौं।

**प्रस्ताव नं ३— अख्तियारको विविध पत्र सम्बन्धमा।**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा सम्मानिय अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा निर्णय कार्यान्वयनको लागि आएका परिपत्रबाट व्यहोरा अवगत भइयो। पत्रमा उल्लेखितमा निर्णय कार्यान्वयनको लागि यस पालिका प्रतिबद्धता व्यक्त गर्यौं।

**प्रस्ताव नं ४— सहजकर्ता नियुक्ति सम्बन्धमा।**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ यस गाउँपालिकाको लागि चालु आर्थिक बर्षमा अत्यन्त न्युन बजेट विनियोजन भएकोले उक्त कार्यक्रम अन्तर्गत नियुक्त भएका उद्यम विकास सहजकर्ता २ जना लाई सो कार्यक्रमबाट पारिश्रमिक दिन नसकिने भएकोले सहजकर्ता मध्ये सविता तामाङलाई यस गाउँपालिकाको सामाजिक परिचालक को रुपमा मासिक रु. २४,०००/- उपलब्ध गराउने गरी नियुक्त गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ५— वडा सचिव सम्बन्धमा।**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं. ४ को वडा सचिव श्री प्रेम प्रसाद अधिकारी कार्णाली प्रदेशको पाँचौ तहमा सिफारिस भई गएको र गाउँपालिकामा प्रशासन तर्फ चाँथो, पाँचौका स्थायी कर्मचारी सङ्ख्या कम भएको हुँदा वडा नं. ४ वडा कार्यालयको सेवा प्रवाह लाई असार हुन नदिन किम्ताङ स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. श्री दिपक कुमार यादवलाई ४ नं. वडाको वडा सचिवको समेत जिम्मेवारी दिईएको गाउँपालिकाको निर्णयलाई सर्मथन गरियो।

वडा नं. ५ को वडा सचिवको व्यवस्था नभए सम्मको लागि श्री ग्रामसेवा विद्याश्रम माध्यमिक विद्यालय शिक्षक सिंगमान तामाङ लाई वडा नं. ५ वडा कार्यालयको वडा सचिवको समेत जिम्मेवारी दिई कामकाज गराउने भनी निर्णय सर्व सम्मतीमा निर्णय गरियो।

**प्रस्ताव नं ६— स्वास्थ्य चौकी दर्ता तथा स्तरउन्नती सम्बन्धमा।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ५ मा हाल सम्म स्वास्थ्य चौकी नभएको, उक्त वडामा करिब ४ हजार वडाबासी रहेकोमा निजहरुलाई साधारण उपचारको लागि पनि वडा नं. ६ स्थित सामरी स्वास्थ्य चौकी वा त्रिशुली अस्पताल सम्म पुगनु पर्ने अवस्था रहेको र नेपाल सरकार तर्फबाट १ वडा १ स्वास्थ्य चौकीको अवधारण बमोजिम उक्त वडामा १ स्वास्थ्य चौकी स्थापना प्रयोजनका लागि सिमल सौरा स्वास्थ्य चौकी नामबाट दर्ता कायमका गर्न संघीय स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य मन्त्रालय तथा अन्तर्गतका निकायहरुमा अनुरोध गर्ने भनी निर्णय गरियो।

साथै यस गाउँपालिकाको वडा नं. ५ र ६ लागायत धादिङ्ग सँगको सिमानाका बस्तीहरुबाट गरी करिब १५ हजार नागरिकहरुले उपचार पांईरहेको यस गाउँपालिका वडा नं. ६ स्थित सामरी स्वास्थ्य चौकी भौतिक पूर्वाधारले सम्पन्न रहेको र नागरिकहरुको गुणस्तरीय स्वास्थ्यको चाहनालाई मध्यनजर गर्दा उक्त सामरी स्वास्थ्य चौकी आधारभूत अस्पतालको रुपमा स्तरउन्नती गरी मेडिकल अधिकृत रहेमा उपचार गुणस्तरीय र भरपर्दो हुने हुंदा उक्त स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालको रुपमा स्तरउन्नतीको लागि संघीय स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य मन्त्रालय तथा अन्तर्गतका निकायहरुमा अनुरोध गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ७— SEE परिक्षाको परिक्षा केन्द्र सम्बन्धमा।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालय तथा परिक्षार्थी विद्यार्थीहरुको सङ्ख्यालाई मध्यनजर गरी तथा परिक्षार्थीहरुको मनोविज्ञान बुझिंदा आफ्नै यसै गाउँपालिकामा SEE परिक्षा केन्द्र रहे SEE मा थप उत्कृष्ठ प्रर्दशन गर्न सकिने बुझिएकोले आउँदो २०८० SEE परिक्षाको लागि श्री ग्रामसेवा विद्याश्रम माध्यमिक विद्यालयलाई SEE परिक्षा केन्द्रको रुपमा समावेश गराईदिन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्तर्गतका मतहतका निकायहरुमा अनुरोध गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ८— प्राविधिक भत्ता सम्बन्धमा।**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल चालु आ.व. को आयोजनाहरु कार्यान्वयन सम्बन्धमा खाटिने यस गाउँपालिका ईन्जिनियर पदका कर्मचारीलाई रु. १५०००/-, सव ईन्जिनियर र अ.सब-ईन्जिनियरका कर्मचारीलाई रु. १२,०००/- मासिक प्राविधिक भत्ता उपलब्ध गराईने भनी निर्णय गरियो।

**प्रस्ताव नं ९ — काजमा खाटिए गएका र आएका कर्मचारी सम्बन्धमा।**

**निर्णय नं. ९** - प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत दरबन्दी भई विभिन्न गाउँपालिका/नगरपालिकामा काज खाटिएका कर्मचारी सम्बन्धमा सरुवा मिलान गर्न सक्ने कर्मचारीको हकमा कर्मचारी मिलान गराउने र सरुवा मिलान हुन नसक्नेको हकमा फिर्ता बोलाउने साथै यस गाउँपालिका काज खाटिआएका कर्मचारीलाई सरुवा मिलान गराउने भनी निर्णय गरियो।

**प्रस्ताव नं १० — सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. १०** - प्रस्ताव नं. १० उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।